# ठेउला

## प्रायःजस्ता बच्चाहरूलाई यो हुन्छ

ठेउला एक साधारण रोग हो जो प्रायःजस्ता बच्चाहरूलाई कुनै न कुनै समय हुने गर्दछ। यसका लक्षणहरू देखिनमा 10-21 दिनको समय लाग्छ। यो ठेउला नै हो भन्ने कुरामा तपाईं पक्का हुनुहुन्छ भने तपाईंको बच्चा साह्रै बिसञ्चो छैन भने उसलाई जीपी-कहाँ लैजानु पर्ने आवश्यकता हुँदैन।

दुई र आठ वर्ष बीचका बच्चाहरूमा ठेउला अति सामान्य हुने गर्दछ। ठेउलाहरू देखा पर्नुभन्दा दुईदिन अघिदेखि लगभग पाँचदिन पछिसम्म उसले यो अरूलाई सार्न सक्छ। ठेउलाहरू सामान्यतः छाति र पिठ्युँमा देखा पर्छन्। सबै ठेउलाहरू पूर्णतः नफुटेसम्म र नसुकेसम्म, जसमा पहिलो ठेउला देखा परेको पाँचदेखि सात दिनसम्म लाग्न सक्छ, तपाईं र तपाईंको बच्चा अरू मानिसहरूबाट टाढा नै बस्नु पर्दछ। बच्चा यदि ठीकै छ भने उसलाई बाहिर लैजान सक्नुहुन्छ तर अरू मानिसहरूबाट उसलाई टाढै राख्ने कुरोको ध्यान राख्नुहोला। अन्तिम ठेउला फुटेर सुकेपछि, अरूलाई सर्न सक्ने सम्भावना रहँदैन।

ठेउला निस्केको व्यक्तिको थुक, उसले हाच्छिउँ गर्दा र खोक्दा निस्कने सिंगानबाट अर्को व्यक्तिमा सर्छ।

### जीपी भन्दछन्

ठेउला निस्केपछि यसको भाइरस शरीरमा रहन्छ। जीवनमा पछि गएर यो फेरि शिङ्गल्स को नामले जानिने भिन्न रूपमा फर्केर आउन सक्छ।

ठेउला त्यो व्यक्तिलाई सजिलै सर्न सक्छ जसलाई पहिले यो निस्केको छैन। तपाईंको बच्चालाई  ठेउला निस्केको छ भने उसलाई अरूहरूबाट टाढा राख्नुहोस्।

यदि तपाईं गर्भवती हुनुहुन्छ भने सल्लाहका लागि धाईआमासँग सम्पर्क गर्नुहोस्।

### स्वास्थ्य भिजिटर भन्दछन्

ठेउला निस्केको बच्चालाई चिसोमा राख्नु जरूरी हुन्छ किनकि गरम भएको स्थितिमा यो चिलाउने गर्दछ। फोकाहरूलाई चिलाउन र कन्याउनबाट रोक्नमा मद्दतका लागि क्यालामाइन लोशन (खासगरी रातिमा) प्रयोग गर्नुहोस् नत्र पछि तिनमा दागी बस्न सक्दछ।

### एक

के मुख्य रूपले बच्चाको छाति र पिठ्युँमा चिलाउने बिमिरा (फोकाहरू जस्ता देखिने) छन्?

### दुई

ठेउला खासगरी आठ वर्ष मुनिका बच्चाहरूमा सामान्य बिमारी हो।

### तीन

फोकाहरू नसुकेसम्म अरूहरूबाट टाढा बस्नुहोस्।